"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित


## खण्ड ६ संख्याः ९

**गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः२०८०/०८/२४**


## भाग २

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# आठराई गाउँपालिका कृषि अनुदान सम्बन्धी कार्यविधि, २०८०

**पृष्ठभूमि:**

अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्न, आर्थिक रुपमा विपन्न वर्ग तथा कृषि पेशालाई व्यवसायीकरण गर्ने गाउँपालिका भित्रका जनतालाई सहजिकरण तथा व्यवस्थापन गर्न, कृषकहरुको माग र आवश्यकतालाई ध्यानमा राखि व्यक्तिगत तथा सामूहिक रुपमा कृषि पेशा गरी आर्थिक उपार्जन गर्न र नविनतम प्रविधिहरु हस्तान्तरण गरी कृषिजन्य फसलहरुमा टेवा पुर्याउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐनको २०७४ को दफा ११(२) (ण) र (द) मा उल्लेखित कार्य गर्न सोही ऐनको दफा १०२(२) बमोजिम यो कार्यविधि निर्माण गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१. यो कार्यविधिको नाम "आठराई गाउँपालिका कृषि अनुदान सम्बन्धी कार्यविधि,२०८०" रहनेछ।

१.२. यो कार्यविधि आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

२.१. "कार्यालय" भन्नाले आठराई गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

२.२. " कृषि विकास शाखा" भन्नाले आठराई गाउँपालिका अन्तर्गत कृषि क्षेत्र हेर्ने शाखालाई सम्झनु पर्नेछ।

२.३. "कार्यविधि" भन्नाले आठराई गाउँपालिका कृषि अनुदान सम्बन्धी कार्यविधि,२०८० सम्झनु पर्नेछ।

**३. उद्देश्य:**

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

३.१. अनुदान वितरण नीतिलाई प्रकृयामुखिबाट परिमाणमुखि तर्फ लैजाने,

३.२. कृषकहरुलाई आधुनिक प्रविधि हस्तान्तरण गर्ने,

३.३ कृषि अनुदान कार्यक्रमलाई निष्पक्ष, पारदर्शी एवम कानुन संबत बनाउने, अनुदान कार्यक्रमलाई प्रभावकारी नियमन गर्ने।

**४. कार्य संचालन र प्रक्रिया:**

४.१. आठराई गाउँपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषक/कृषक समूह, कृषि सहकारी/कृषि फर्म र व्यावसायी कार्यक्रम संचालन हुन अगावै कम्तिमा ७ दिनको प्रस्ताव आह्वानको सूचना अनुसूची (५) बमोजिम प्रकाशित गरिने छ।

४.२. यस कार्यक्रममा सहभागी हुन ४.३ बमोजिम न्यूनतम मापदण्ड पुरा गरेका कृषक/कृषक समूह, कृषि सहकारी/कृषि फर्म र व्यवसायिक कृषकहरुले तोकिएको म्याद भित्र अनुसूची (२) बमोजिम निवेदन, व्यावसायिक योजना र आवश्यक कागजात सहित आठराई गाउँपालिका कृषि विकास शाखामा समय सीमा भित्र पेश गर्नु पर्नेछ।

४.३ कृषक छनौट/प्राथमिकीकरण देहाय बमोजिम हुनेछ:

४.३.१., कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी,
४.३.२. आधुनिक प्रविधि अपनाउने मनसाय भएको,
४.३.३ लागत साझेदारी गर्न प्रतिबद्धता व्यक्त गर्न सक्ने,
४.३.४ कृषि सम्बन्धी ज्ञान भएको,
४.३.५. विगत २ वर्ष देखि कुनै प्रकारको अनुदान प्राप्त नगरेको, (नियमित प्रकृतिको अनुदानका लागी यो बुँदा लागु हुनेछैन।)
४.३.६. सामुहिक खेती गर्ने कृषक समूहहरु/सहकारी,
४.३.७. प्राविधिक रुपले उपयुक्त भएको,
४.३.८ प्रस्ताव आह्वानको सूचना बमोजिम सम्पुर्ण आवश्यक कागजातहरु पुरा भएको,
४.३.९ फर्म दर्ता नविकरण भएको, नियमानुसारका कर वा दायित्व चुक्ता भएको।

४.४. लाभग्राही छनौटमा देहाय बमोजिमका मूल्याङ्कन समिति रहनेछ:

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) योजना शाखा प्रमुख | - सदस्य |
| (ग) लेखा शाखा प्रमुख | - सदस्य |
| (ग) पशु सेवा शाखा प्रमुख | - सदस्य |
| (घ) कृषि विकास शाखा प्रमुख | - सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रित सदस्य बोलाउन सकिने छ।

४.५. उपदफा (४.४) अनुसारको मूल्याङ्कन समितिले पर्न आएका निवेदनहरुको अनुसूची (३) बमोजिम मुल्याङकनका क्षेत्रहरुलाई आधार मानी प्राथमिकीकरण गर्दै लाभग्राही छनौट गर्नु पर्नेछ।

**५. अनुदान रकमको सीमा र प्रतिशत:**

यो अनुदान सम्बन्धी कार्यविधि लागु भएपछि आठराई गाउँपालिका, कृषि विकास शाखाबाट संचालन हुने विभिन्न कृषि तथा पशुपंछी जन्य कार्यक्रमहरु संचालन गर्दा अनुदान रकमको सीमा अनुसूची (४) बमोजिम हुने छ।

**६. कार्यक्रम सम्झौता सम्बन्धमा**

६.१ आठराई गाउँपालिका छनौट तथा सिफारिस समितिले छनौट भएका लाभग्राहीहरुलाई १५ दिनको म्याद राखि सम्झौतामा बोलाइने छ यदि उक्त समयावधी भित्र लाभग्राहीले सम्झौता नगरे वैकल्पिक कृषकहरुलाई ३ दिनको समय राखि सम्झौता गर्न बोलाइने छ।

६.२. कार्यक्रमको सम्झौता पत्रको नमुना अनुसूची (६) बमोजिम हुनेछ।

**७. अनुगमन तथा मूल्याङ्कन:**

७.१. आठराई गाउँपालिका अनुगमन समितिले कार्यक्रम संचालन अघि, संचालनका क्रममा र समापन भएपश्चात जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको ढाँचा अनुसूची (७) बमोजिम हुनेछ।

७.२. आठराई गाउँपालिका, कृषि विकास शाखाबाट अनुदानमा वितरण गरिएका कृषिजन्य औजार तथा उपकरणहरु बेचविखन गर्न पाइने छैन।

**८. दण्ड तथा जरिवाना सम्बन्धमा**

८.१. अनुदानमा वितरण गरिएका कृषिजन्य एवं यान्त्रिक उपकरणहरु कुनै पनि कृषक/कृषक समूह, कृषक सहकारी वा फर्म बेचविखन वा दुरुपयोग गरेको पाईएमा निज कृषक/कृषक समूह, कृषक सहकारी वा फर्मलाई कालो सूचीमा राखिनेछ र निजलाई आगामी कुनै पनि अनुदानमा समावेश गरिने छैन, अनुदानको सामग्री जफत गरिनेछ। यदि सामग्री उपलब्ध नभए सोहि बराबरको बिगो रकम असुल उपर गर्न सकिनेछ।

८.२. आठराई गाउँपालिकाबाट वितरण गरिएका कृषिजन्य एवं यान्त्रिक उपकरणहरु कारणबस लाभग्राही बसाई सराई गएमा, हस्तान्तरण गर्नु पर्ने भएमा वा अन्य कारणबाट सामाग्रीहरु प्रयोग विहिन भएमा आठराई गाउँपालिकामा जानकारी गराउनु पर्नेछ।

**९. थपघट वा हेरफेर गर्न सक्ने**

९.१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आठराई गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्ने छ।

९.२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि आठराई गाउँपापलिका गाउँ कार्यपालिकाको कार्यालयले आश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

९.३. यस कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्न सक्नेछ।

९.४. संघीय सरकारबाट हस्तान्तरित (शसर्त अनुदान) कार्यक्रमको कार्यन्वयन प्रकृया संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि वा सम्बन्धित संघीय ऐन नियम बमोजिम, प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम कार्यन्यन गर्न प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली तथा सम्बन्धित ऐन नियम बमोजिम र आठराई गाउँपालिका, कृषि विकास शाखाबाट संचालन गरिने कार्यक्रम यसै कार्यविधि बमोजिम संचालन गरिने छ।

**अनुसूची १**

**दफा ४ को उपदफा (१) सँग सम्बन्धित**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू                                                    मिति:
आठराई  गाउँपालिका ,गाउँ कार्यपालिकाको कार्यालय,
संक्रान्तिबजार,तेह्रथम ।

बिषय:-सूचिकृत गरिदिन हुन ।

महोदय,

प्रस्तुत बिषयमा आठराई गाउँपालिका संक्रान्तिबजार,तेह्रथुममा मिति २०.../..../... गते........ दर्ता भई संचालनमा रहेको .............फर्म/समूहलाई तपसिल अनुसारका कार्यक्रममा सहभागी हुन आवश्यक नियमानुसार सूचिकरण गरिदिन हुन् सादर अनुरोध गर्दछु ।

**तपसिलः-**

तरकारी वाली ( )
फलफूल वाली ( )
खाद्यान्न वाली ( )
मसला वाली ( )
मैरीपालन/माछापालन ( )
अन्य........

निवेदक

फर्मको नाम-
ठेगाना-
संचालकको नाम-
सम्पर्क नं.
वडा नं.
छाप

## अनुसूची २
**दफा ४ को उपदफा (२) सँग सम्बन्धित**

मितिः...........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संक्रान्तिबजार, तेह्रथम ।

विषयः- प्रस्ताव पेश गरिएको ।

यस गाउँपालिकामा मिति …………………….. मा प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम म .............................................निवेदकले लागत साझेदारीमा ........................................... कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई कार्वाहीको लागि यो निवेदन पेश गरेको छु/छौं ।

प्रस्तावित कार्यक्रमको नाम:
आवेदक संस्था/ व्यक्तिको नाम:
कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगाना:
प्रस्तावना पेश गर्ने आधिकारिक व्यक्तिको नाम:
स्थायी ठेगाना:
सम्पर्क नं.:

**संलग्न कागजातहरुको सूची**

| क्र.सं. | सलग्न कागतहरुको विवरण | पाना संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

**१. संस्था/ आवेदकको संक्षिप्त विवरण**

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| समुह/संस्था/उद्यम/फर्म स्थापना भएको मिति | |
| दर्ता भएको मिति र निकाय | |
| वडा नं-. | |
| सम्पर्क व्याक्तिको नाम | |
| सम्पर्क व्याक्तिको मोवाईल/ टेलिफोन नं. | |

**२.संस्थाको अनुभव वा व्याक्तिको अनुभव**

| | |
|---|---|
| बिगतमा सम्पन्न गरेका कार्य, अनुभव तथा तालिमको संक्षिप्त विवरण (बढीमा २०० शब्दमा) | |
| विद्यमान वित्तीय क्षमता, जनशक्ति र भौतिक श्रोत साधनको विवरण (बुँदागत रुपमा) | |

**३. कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या**

| | |
|---|---|
| संस्थाले भोगेका वा अनुभूत गरेका व्यवसायगत समस्या(बुँदागत रुपमा) | |
| प्रस्ताव किन र के कामका लागि पेस गरेएको हो | |
| कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशिता | |
| लाभान्वित घर परिवार संख्या(प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना) | |

| | |
|---|---|
| क्षेत्रफल तथा उत्पादन बृद्धि परिमाण | |
| वार्षिक उत्पादन बृद्धि परिमाण | |

| | |
|---|---|
| प्रस्तावित बाली वस्तुको मूल्य अभिबृद्धि परिमाण | |
| लाभान्वित वर्गको रोजगारी अवस्था, जिविको पार्जन तथा जिवनस्तरमा आउने सुधार | |
| कार्यक्रम संचालनबाट समुदायमा पर्ने सकारात्मक प्रभावहरु | |
| कार्यक्रम संचालनबाट पर्ने सक्ने वातावरणिय प्रभावहरु | |
| | |
| | |
| | |

**४. कार्यक्रम सञ्चालन प्रकृया**

| | |
|---|---|
| सरोकारवालाहरुको भूमिका, प्रस्तावकको भूमिका, नवीनतम प्रविधिको प्रयोग तथा प्राप्त प्रगतिफल विवरणको अवधारणा सहित खुलेको कार्यक्रम सञ्चालन विधि उल्लेख गर्ने | |

**५. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु**

**आर्थिक प्रस्ताव**

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं | मुख्य मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रतिइकाई दर रू | कुल लागत रु | प्रस्तावको लागत रु. | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम रु | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**विगत ३ वर्षमा आफै वा एकाघरको सदस्यले विभिन्न निकायहरुबाट प्राप्त अनुदानको विवरण**

| क्र.स. | अनुदान प्राप्त गर्ने ब्यक्ति/संस्था/ फार्मको नाम | अनुदान प्राप्त गरेको काम | अनुदान उपलब्ध गराउने निकाय | अनुदान प्राप्त गरेको रकम रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |

आठराई राजपत्र

मिति:

श्री कार्यालय प्रमुख ज्यु,
आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, संक्रान्तिबजार,
तेह्रथुम।

विषय: स्व:घोषणा सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा आठराई गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,संक्रान्तिबजार,तेह्रथुमबाट मिति २०.../.../... गते प्रकाशित प्रस्ताव आह्वानको सूचना बमोजिम ..................कार्यक्रम संचालन गर्न म..................कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी/कृषि फर्मले विगत दुई वर्ष देखि संघीय सरकार,प्रदेश सरकार र आठराई गाउँपालिकाबाट कुनै अनुदान नलिएको साथै कार्यक्रम संचालन अवधिमा अनुदान नलिने स्व:घोषणा गर्दछु। अन्यथा अनुदान लिइएको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न मन्जुरी रहि यो स्व:घोषणा पेश गर्दछु।

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक

दस्तखत

नाम:

पद:

ठेगाना:

सम्पर्क नं.

संस्थाको नाम:

संस्थाको छाप:

**लागत साझेदारी गर्ने प्रतिवद्धता**

प्रस्तुत विषयमा आठराई गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,संक्रान्तिबजार,तेह्रथुमकों मिति २०८../..../.... गते प्रकाशित प्रस्ताव आह्वानको सूचना अनुसार आठराई गाउँपालिका वडा.......गाउँ/टोल ठेगाना भएको श्री ............................................ले लागत साझेदारीमा कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजनामा उल्लेख भए वमोजिमको आवेदकले व्यहोर्ने रकम यो प्रस्ताव स्वीकृत भएमा आठराई गाउँपालिकाक,कृषि विकास शाखाको अनुदान सम्बन्धी कार्यविधि,२०८० बमोजिम कानूनको पूर्ण रुपमा पालना गर्दै मेरो कृषि समूह/सहकारी/फर्म/व्यक्तिगत बैङ्क खाता वा नगद लगानी गरी कार्यक्रम सम्पन्नका लागि लागत साझेदारी गर्ने साथै कानूनमा तोकिएको अवधि सम्म कार्यक्रमको निरन्तरता दिने प्रतिवद्धता जाहेर गर्दछु। उक्त अनुसार पालना नभएमा नियमानुसार कार्यवाही भएमा मञ्जुर छु भनि सहिछाप गरेको छु।

**निवेदकको**

| दायाँ औठा छाप | वायाँ औठा छाप |
|---|---|
| | |

दस्तखत :

नाम :

ठेगाना:

मिति :

संस्थाको छाप **:**

आठराई राजपत्र

**अनुसूची ३**
**दफा ४ को उपदफा (५) सँग सम्बन्धित**

प्रस्ताव छनौट तथा मूल्याङ्कनका आधारहरु

| क्र.सं. | आधारहरु | अधिकतम अंक भार |
|---|---|---|
| १. | प्राविधिक ज्ञान, शिक्षा, अनुभव तथा तालिम | १० |
| २. | व्यावसायिक योजना | २० |
| ३. | प्राविधिक पक्षहरु (सिचाई ,हावापानी,प्रस्तावित व्यवसायको उपयुक्तता) | १० |
| ४. | वित्तिय पक्ष (लागत साझेदारी,संस्थागत पहुंच) | ५ |
| ५. | उपज बजार सम्बन्धी पक्षहरु (सडक,विद्युत र बजार माग) | ५ |
| ६. | लक्षित वर्ग (लैंगिक तथा सामाजिक समावेशीकरण) | १० |
| ७. | खेति प्रणाली व्यवस्थापकीय पक्ष (एकीकृत कृषि प्रणाली) | १० |
| ८. | स्थानीय स्रोत साधनको प्रयोग तथा रोजगारी सिर्जना | १० |
| ९. | कृषि सम्बन्धी आधुनिक प्रविधिको प्रयोग | १० |
| १०. | दिगोपना (प्राविधिक,आर्थिक,वातावरणीय तथा सामाजिक दिगोपना | १० |
| | कूल पूर्णाङ्क | १०० |

**अनुसूची ४**
**दफा ५ सँग सम्बन्धित**

**अनुदान रकमको सीमा र प्रतिशत**

| **क्र.सं.** | **अनुदान वितरण गरिने क्षेत्र** | **अधिकतम अनुदान** |
|---|---|---|
| क) | मिनिकिट र विषादी, कन्ये च्याउको बिउ | १०० प्रतिशत |
| ख) | प्लाष्टिक पोखरी, टनेल, हिलट्याङ्क स्प्रेयर, पाइप लगायत प्लाष्टिकजन्य सामाग्रीहरु | ५० प्रतिशत |
| घ) | कृषि यन्त्र तथा उपकरण | ७५ प्रतिशत |
| ङ) | बिउ विजन | ७५ प्रतिशत |
| च) | विरुवा/बेर्ना | ७५ प्रतिशत |
| छ) | सिताके च्याउ, रातो च्याउ, गोब्रे च्याउको बिउ, काठको मुढा | ५० प्रतिशत |
| ज) | जैविक तथा प्राङ्गारिक मल | ७५ प्रतिशत |
| झ) | मौरी घार | ७५ प्रतिशत |
| ञ) | नगदे तथा मसला बाली | ५० प्रतिशत |

**अनुसूची ५**
**दफा ४ को उपदफा (१.१) सँग सम्बन्धित**

## प्रस्ताव आह्वान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति -२०.../...../.....
दरखास्त दिने अन्तिम मिति -२०.../...../.....

आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सक्रान्तिबजार तेह्रथुमको आ.व.२०....../...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार..............कार्यक्रम" संचालन र कार्यान्वयन गर्नका लागि यस आठराई गाउँपालिका भित्र बसोबास गर्ने इच्छुक कृषक/कृषक समुह/सहकारी संस्था/व्यवसायी फर्म/कम्पनी/उद्यमी र व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन। थप जानकारीका लागि आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको फोन नं. .........................................मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

**कृषक समुह/कृषि सहकारी/कृषि फर्मको हकमा**

१) रु १० को हुलाक टिकट टाँसेको निवेदन
२) कृषि समूह/सहकारी संस्था/कृषि फर्म दर्ता तथा नवीकरण साथै पान भ्याट प्रमाणपत्रको प्रतिलिपि,
३) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता पत्र,
४) कार्यसमितिका पदाधिकारीको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
५) कार्य समितिको निर्णयको प्रतिलिपि,
६) अघिल्लो आ.व.को लेखा परिक्षण र कर चुक्ताको प्रतिलिपि,
७) वडा कार्यालयको सिफारिस पत्र।

**व्यक्तिगत कृषकको हकमा**

१) रु १० को हुलाक टिकट टाँसेको निवेदन
२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
३) वडा कार्यालयको सिफारिस पत्र
४) जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि

**अनुसूची ६**
**दफा ६ को उपदफा (१) सँग सम्बन्धित**
**सम्झौता-पत्र**

**कार्यक्रमको नामः..................**

आठराई गाउँपालिका कृषि विकास शाखाको आ.व ........ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ................ कार्यक्रम संचालन गर्नका लागि मिति ................. गते सम्म प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस आठराई गाउँपालिको छनौट तथा सिफारिस समितिको मिति ..........गते बसेको बैठकको निर्णयबाट श्री...........................................................................को प्रस्ताव छनौट भएको हुँदा आठराई गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र श्री...................................................................................(यस पछि दोस्रो पक्ष भनिने) का बीच तपशिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सन्चालन गर्न मन्जुर भई यो द्विपक्षीय सम्झौता गरिदियौ लियौ ।

**तपसिल**

१. कार्यक्रम तेह्रथुम जिल्ला आठराई गाउँपालिका ...... नं वडाको ................. गाउँ/टोलमा मिति ............... गते सम्ममा सम्पन्न गरिने छ ।
२. प्रथम पक्षले कार्यक्रम संचालनको लागि दोस्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका कृयाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ।

| क्र.सं. | कृयाकलापको विवरण | जम्मा लागत | पहिलो पक्षले व्यहोर्ने रकम रु. | दोस्रो पक्षको व्यहोर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

३. यो सम्झौता भएको मितिले ७ दिनभित्र कार्य सुरु गरी मिति २०.. /.../... गतेसम्ममा सम्पूर्ण कार्य सम्पन्न गरी आवश्यक कागजात, बिल भरपाई प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। यदि तोकिएको समयावधि भित्र कार्य सम्पन्न नगरेको अवस्थामा पहिलो पक्ष अन्तिम भुक्तानीको लागि वाध्य हुने छैन ।
४. दोश्रो पक्षले स्वीकृत प्रस्ताव मुताविकको र लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न भईसके पछि मात्र एकमुष्ट रकम भुक्तानी हुनेछ ।

५. यस कार्यक्रमको सम्पूर्ण कार्य प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तन्तरण भएका कृषि विकास कार्यक्रम संचालन कार्यविधि, र आठराई गाउँपालिकाक, कृषि अनुदान सम्बन्धी कार्यविधि,२०८० साथै आठराई गाउँपालिकाको नियमानुसार हुनेछ।

६. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

७. प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ,

८. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरि अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरि राख्नु पर्नेछ ।

९. कार्यक्रमको संचालन दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्ष को आपसि सहमति अनुसार हुनेछ ।

१०. प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्ष रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यसै कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ ।

नोटः द्विपक्षीय सम्झौतामा कार्यक्रमको प्रकृति अनुसारका अन्य सान्दर्भिक बुँदाहरू थप गर्न सकिनेछ ।

| दोस्रो पक्षका तर्फबाट | प्रथम पक्षका तर्फबाट |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| संस्थाको छाप | कार्यालयको छाप |

**रोहबर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत साल महिना रोज .... शुभम्।



आठराई राजपत्र

**अनुसूची ६**

**दफा ७ को उपदफा (१) सँग सम्बन्धित**

**अनुगमन प्रतिवेदन**

आठराई गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय

संक्रान्तिबजार,तेह्रथुम

**आ.व.......... /.......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखाबाट गरिएको अनुगमन प्रतिवेदन, २०...**

| क्र.स. | कृषक/कृषक समूह/सहकारीको नाम | कार्यक्रमको नाम | ठेगाना | किसानलाई वितरण गरिएको सामाग्रीहरु | भए / नभएको | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

**अनुगमन गर्ने पदाधिकारीहरुको नामावली:-**

| क्र.स. | नामथर | पद | मिति | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**आज्ञाले,**

**श्री निराज शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**

**आठराई गाउँपालिका**

**तेह्रथुम**